(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

# आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५

लालमोहर र प्रकाशन मिति
२०४५।७।२८

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | आयुर्वेद चिकित्सा परिषद् (पहिलो संशोधन) ऐन, २०५५ | २०५५।१०।२७ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| २. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |
| ३. | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ | २०७४।६।३० |

२०४५ सालको ऐन नं. २१

2................

आयुर्वेद चिकित्सा परिषद् सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राख्न आयुर्वेद चिकित्सा प्रणालीलाई बढी प्रभावकारी बनाउने, आयुर्वेदिक औषधिको उत्पादन र प्रयोग गर्ने पद्धतिलाई विकास गर्ने र आयुर्वेदिक चिकित्सकहरुको दर्ता गर्ने समेत व्यवस्था गर्न आयुर्वेद चिकित्सा परिषद् स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद–१

प्रारम्भिक

यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

यो ऐन संवत् २०७५ साल भाद्र १ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

कानून तथा संसदीय मामिला मन्त्रालय

१.१ <u>संक्षिप्त नाम र प्रारम्भः</u>

१.१.१ यस ऐनको नाम "आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५" रहेको छ ।

✱१.१.२ यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

१.२ <u>परिभाषाः</u>

१.२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

१.२.१.१ "परिषद्" भन्नाले दफा २.१ बमोजिम स्थापना भएको आयुर्वेद चिकित्सा परिषद् सम्झनु पर्छ ।

१.२.१.२ "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

१.२.१.३ "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँनेछ ।

१.२.१.४ "रजिष्ट्रार" भन्नाले दफा ३.१ बमोजिम नियुक्त गरिएको परिषद्को रजिष्ट्रार सम्झनु पर्छ ।

१.२.१.५ "दर्ता किताब" भन्नाले यो ऐन अन्तर्गत चिकित्सकहरुको नाम दर्ता गर्न खडा गरिएको दर्ता किताब सम्झनु पर्छ ।

१.२.१.६ "चिकित्सक" भन्नाले आयुर्वेद विज्ञानमा दफा ४.२ मा उल्लिखित न्यूनतम योग्यता ⏭........... प्राप्त गरी

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

✱ १. यो ऐनको दफा ४.१, ४.२, ४.३, ४.४, ४.५, ४.६, ४.७, ४.८, ५.१, ५.२, ६.१, ६.२, ७.१, ७.२, ९.३ र ९.३क. बाहेक अन्य दफाहरु मिति २०५६।८।१६ देखि प्रारम्भ हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भएको ।

२. यो ऐनको दफा ४.१, ४.२, ४.३, ४.४, ४.५, ४.६, ४.७, ४.८, ५.१, ५.२, ६.१, ६.२, ७.१, ७.२, ९.३ र ९.३क. संवत् २०५८ साल फागुन १६ गतेदेखि प्रारम्भ हुने गरी नेपाल राजत्रपमा सूचना प्रकाशित भएको ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

सो सम्बन्धी व्यवसायमा लागेको व्यक्ति सम्झनु पर्छ ।

१.२.१.७ "दर्तावाला चिकित्सक" भन्नाले दफा ४.५ बमोजिम दर्ता किताबमा नाम दर्ता भएको चिकित्सक सम्झनु पर्छ ।

१.२.१.८ "आयुर्वेदिक औषधि" भन्नाले आयुर्वेदिक प्रणालीबाट बनाइएको औषधि सम्झनु पर्छ ।

१.२.१.९ "नियम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम सम्झनु पर्छ ।

१.२.१.१० "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २

## परिषद्को स्थापना र व्यवस्था

२.१ परिषद्को स्थापनाः आयुर्वेद चिकित्सा प्रणालीलाई सुचारुरुपले सञ्चालन गर्न आयुर्वेदिक औषधिको उत्पादन र प्रयोग गर्ने पद्धतिलाई विकास गर्न तथा चिकित्सकहरुको नाम दर्ता गर्नको लागि आयुर्वेद चिकित्सा परिषद् स्थापना गरिएको छ ।

२.२ परिषद् स्वशासित संस्था हुनेः

२.२.१ परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

२.२.२ परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

२.२.३ परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

२.२.४ परिषद्ले व्यक्ति सरह नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

२.३ परिषद्को गठनः

*२.३.१ दफा २.१ बमोजिम स्थापना भएको परिषद्मा देहायका सदस्यहरु रहनेछन्:–

२.३.१.१ नेपाल सरकारबाट मनोनीत चिकित्सक –अध्यक्ष

२.३.१.२ चिकित्सकहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेका चिकित्सकहरु तीनजना –सदस्य

२.३.१.३ निर्देशक, आयुर्वेद विभाग –सदस्य

२.३.१.४ दर्तावाला चिकित्सकहरुले आफू मध्येबाट तोकिए बमोजिम निर्वाचन गरेका चिकित्सकहरु तीनजना –सदस्य

२.३.१.५ आयुर्वेद क्याम्पसका प्राचार्यहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेको प्राचार्य एकजना –सदस्य

२.३.२ नेपाल सरकारले आवश्यक ठानेमा परिषद्को परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी परिषद्का सदस्यहरु थपघट वा हेरफेर गर्न सक्नेछ ।

📖२.३.२क. उपदफा २.३.१.२ बमोजिम सदस्यहरुको मनोनयन गर्दा उपदफा ४.२.१.१, ४.२.१.२ र ४.२.१.३ बमोजिमको योग्यता प्राप्त चिकित्सकहरु मध्येबाट गर्नु पर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

📖 पहिलो संशोधनद्वारा थप ।

📖२.३.२ख. उपदफा २.३.१.४ बमोजिमका सदस्यहरु निर्वाचित भई नआएसम्मको लागि नेपाल सरकारले चिकित्सकहरु मध्येबाट तीनजना सदस्यको मनोनयन गर्नेछ ।

📖२.३.२ग. उपदफा २.३.१.५ बमोजिम प्राचार्यहरु मध्येबाट सदस्य मनोनयन गर्दा दर्तावाला चिकित्सकहरु मध्येबाट गर्नु पर्नेछ ।

२.३.३ परिषद्ले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा ⏭............... अन्य कुनै विशेषज्ञलाई पर्यवेक्षकको रुपमा परिषद्को बैठकमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

२.३.४ परिषद्का सदस्यहरुको पदावधि चार वर्षको हुनेछ । पदावधि समाप्त भएपछि निजहरु पुनः मनोनीत वा निर्वाचित हुन सक्नेछन् ।

२.३.५ पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि अर्को सदस्य मनोनीत वा निर्वाचित हुनेछ ।

२.३.६ ⏭................

२.४ <u>परिषद्को काम, कर्तव्य, र अधिकारः</u>

२.४.१ परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

२.४.१.१ आयुर्वेद चिकित्सा प्रणालीबाट रोगको उपचार गर्ने व्यवस्थालाई सुदृढ गरी आयुर्वेद चिकित्सालाई सुचारुरुपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने ।

२.४.१.२ आयुर्वेदिक औषधिहरुको प्रयोग गर्ने पद्धतिलाई विकसित गर्न आवश्यक व्यवस्था गर्ने ।

२.४.१.३ चिकित्सकहरुको योग्यता निर्धारण गरी योग्यता पुगेका चिकित्सकहरुको नाम दर्ता गर्ने व्यवस्था गर्ने ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२.४.१.४ आयुर्वेदिक औषधिहरुको उत्पादन तथा बिक्री,वितरण गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने ।

📖२.४.१.५ आयुर्वेद अनुसन्धान सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई सुझाव दिने ।

📖२.४.१.६ आयुर्वेद शिक्षाको स्तर सम्बन्धमा सम्बन्धित निकायलाई सुझाव दिने ।

📖२.४.१.७ आयुर्वेद सम्बन्धी विषयहरु अध्ययन अध्यापन गराउने तथा तालीम दिने दिलाउने, नेपाल [2].......... मा स्थापना भएका शिक्षण संस्था तथा त्यस्तै उद्देश्यले स्थापना भएका अन्य संस्थाहरुलाई तोकिए बमोजिम मान्यता दिने ।

📖२.४.१.८ आयुर्वेद सम्बन्धी विषयहरु अध्ययन अध्यापन गराउने तथा तालीम दिन दिलाउन नेपाल [2].......... मा स्थापना भएका शिक्षण संस्था तथा त्यस्तो उद्देश्यले स्थापना भएका अन्य संस्थाहरुको पाठ्यक्रम, भर्नाका शर्तहरु तथा परीक्षा प्रणाली सम्बन्धी नीति र अन्य आवश्यक न्यूनतम पूर्वाधारहरु निर्धारण गरी तत्सम्बन्धी कुराहरुको मूल्याङ्कन र पुनरावलोकन गर्ने ।

📖२.४.१.९ आयुर्वेद तथा आधुनिक चिकित्सा एवं सर्जरी र चिकित्सा सहायक विषयमा प्रदान गरिएका शैक्षिक योग्यता तथा उपाधिहरुलाई तोकिए बमोजिम मान्यता दिने ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

---

📖 पहिलो संशोधनद्वारा थप ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

📖२.४.१.१० आयुर्वेद चिकित्सा व्यवसाय सुचारुरुपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने ।

📖२.४.१.११ चिकित्सकहरुको तोकिए बमोजिमको आचार संहिता तयार गर्ने र त्यस्ता आचार संहिता उल्लङ्घन गर्ने चिकित्सक उपर तोकिए बमोजिम कारबाही गरी दर्ता किताबबाट नाम हटाउने ।

२.५ सदस्यको निमित्त अयोग्यताः

२.५.१ देहायको कुनै व्यक्ति परिषद्को सदस्यमा निर्वाचित हुन, मनोनीत हुन वा बहाल रहन अयोग्य मानिनेछः–

२.५.१.१ दर्ता किताबबाट नाम हटाइएको,

२.५.१.२ गैर नेपाली नागरिक,

२.५.१.३ साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

२.५.१.४ नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा

२.५.१.५ मगज बिग्रेको ।

२.६ सदस्यता समाप्त हुने अवस्थाः

२.६.१ देहायको अवस्थामा परिषद्को सदस्यता समाप्त भएको मानिनेछः–

२.६.१.१ दफा २.५ बमोजिम सदस्य रहन अयोग्य भएमा,

२.६.१.२ सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

२.६.१.३ मृत्यु भएमा, वा

२.६.१.४ परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा ।

२.७ परिषद्को बैठक र निर्णयः

२.७.१ परिषद्को बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

२.७.२ परिषद्को बैठक साधारणतया वर्षको तीन पटक बस्नेछ र अध्यक्षले आवश्यक देखेमा बढी पटक पनि बैठक बोलाउन सक्नेछ ।

२.७.३ परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

२.७.४ परिषद्को कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

२.७.५ परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ ।

२.७.६ परिषद्को निर्णय रजिष्ट्रारद्वारा प्रमाणित गरिनेछ ।

२.७.७ सदस्यहरुले बैठकमा भाग लिंदा पाउने भत्ता तथा अन्य सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

२.७.८ परिषद्को बैठकमा अपनाईने अन्य कार्यविधि परिषद् आफैले निर्धारण गर्न सक्नेछ ।

२.८ <u>अधिकार प्रत्यायोजनः</u> परिषद्ले आफ्नो अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य वा तोकिए बमोजिम सदस्यहरुको समिति वा उप–समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२.९ <u>काम कारबाही बदर नहुनेः</u> कुनै सदस्यको नियुक्तिको सम्बन्धमा यस ऐन अन्तर्गतको कुनै व्यवस्थाको पालन भएको छैन भन्ने कुरा पछि पत्ता लागेमा सो पत्ता लाग्नु भन्दा अगावै त्यस्तो सदस्यले गरेको काम कारबाही सो कुराले मात्र बदर हुने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

परिच्छेद – ३

## कर्मचारी सम्बन्धी व्यवस्था

३.१ रजिष्ट्रारः

३.१.१ परिषद्को प्रशासकीय काम कारबाही गर्न नेपाल सरकारले एक जना रजिष्ट्रार नियुक्ति गर्नेछ ।

३.१.२ रजिष्ट्रारले परिषद्को सचिव भै काम गर्नेछ ।

३.१.३ रजिष्ट्रारको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

३.१.४ रजिष्ट्रारको अनुपस्थितिमा निजले गर्नु पर्ने सबै काम कारबाही गर्न नेपाल सरकारले परिषद्को अन्य कुनै अधिकृत तहको कर्मचारीलाई तोक्न सक्नेछ ।

३.२ रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः

३.२.१ रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

३.२.१.१ नाम दर्ताको लागि परेका दरखास्त आवश्यक कारबाहीको निमित्त उपदफा ४.४.१ बमोजिम गठित जाँचबुझ समितिमा पेश गर्ने ।

३.२.१.२ यो ऐन र नियमको अधीनमा रही परिषद्को निर्णय बमोजिम समय समयमा नाम दर्ता गर्नु पर्ने चिकित्सकहरुको नाम, ठेगाना र योग्यता खोली दर्ता किताबमा नाम दर्ता गरी दर्ताको प्रमाणपत्र दिने ।

३.२.१.३ कुनै दर्तावाला चिकित्सकको मृत्यु भएमा वा यो ऐन र नियम बमोजिम दर्ता किताबबाट नाम हटाइनु पर्ने भनी परिषद्बाट निर्णय भएका चिकित्सकहरुको नाम दर्ता किताबबाट हटाउने ।

३.२.१.४ दफा ४.६ बमोजिम कुनै दर्तावाला चिकित्सकले व्यवसाय छाडेको वा ठेगाना बदलेको कुराको सूचना

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प्राप्त भएमा सो अनुसार दर्ता किताबमा व्यहोरा जनाउने ।

३.२.२ रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३.३ परिषद्का कर्मचारीहरु:

३.३.१ परिषद्ले आवश्यक भएजति कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

३.३.२ उपदफा ३.३.१ बमोजिम नियुक्त भएका कर्मचारीहरु रजिष्ट्रारको रेखदेख र नियन्त्रणमा रहनेछन् ।

३.३.३ परिषद्का कर्मचारीको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ४

## चिकित्सकहरुको नाम दर्ता सम्बन्धी व्यवस्था

४.१ दर्ता किताबमा नाम दर्ता गराउन दरखास्त दिने:

४.१.१ आयुर्वेद चिकित्सा व्यवसाय गर्न चाहने चिकित्सकले यो ऐन र नियमका अधीनमा रही दर्ता किताबमा नाम दर्ता गराउन तोकिए बमोजिम परिषद्मा दरखास्त दिनु पर्नेछ ।

४.१.२ उपदफा ४.१.१ बमोजिम दरखास्त दिने चिकित्सकले दर्ता किताबमा नाम दर्ता गराउन तोकिए बमोजिम दस्तुर बुझाउनु पर्नेछ ।

४.१.३ यो ऐन प्रारम्भ भएका बखत आयुर्वेद चिकित्सा व्यवसाय गरिरहेका चिकित्सकहरुले दर्ता किताबमा नाम दर्ता गराउन यो ऐन प्रारम्भ भएका मितिले छ महिनाभित्र उपदफा ४.१.१ बमोजिम दरखास्त दिनु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

*४.२ <u>चिकित्सकको योग्यताः</u>

४.२.१ यस ऐन बमोजिम चिकित्सकहरुको नाम दर्ता गर्ने प्रयोजनको लागि देहाय बमोजिमको योग्यता तोकिएकोछः–

४.२.१.१ मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विज्ञानमा आयुर्वेदाचार्य वा वैद्यरत्न वा आयुर्वेद स्नातक वा सो सरह उत्तीर्ण ।

४.२.१.२ अन्य चिकित्सा प्रणालीमा स्नातक उपाधि पश्चात् आयुर्वेद विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त ।

४.२.१.३ मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा आधुनिक चिकित्सा एवं सर्जरीमा स्नातकोपाधि प्राप्त ।

४.३ <u>दरखास्तसाथ प्रमाण, विवरण र सूचना संलग्न गर्नु पर्नेः</u>

४.३.१ दफा ४.१ बमोजिम नाम दर्ता गराउन दरखास्त दिने चिकित्सकले दरखास्तसाथ देहाय बमोजिम प्रमाण, विवरण एवं सूचना समेत संलग्न गर्नु पर्नेछः–

४.३.१.१ आफ्नो योग्यता सम्बन्धी प्रमाणपत्र वा सिफारिसपत्र,

४.३.१.२ विदेशको कुनै आयुर्वेद चिकित्सा परिषद् वा सो सरहको संस्थाको दर्ता किताबमा नाम दर्ता भएको रहेछ भने सो दर्ता किताबमा दर्ता भएको योग्यता वा उपाधि र दर्ता नम्बर समेत खुलाएको विवरण,

४.३.१.३ यो ऐन र नियमको अधीनमा रही काम गर्नेछु भन्ने तोकिए बमोजिमको प्रतिज्ञापत्र ।

४.४ <u>दरखास्त उपर कारबाहीः</u>

---

* पहिलो संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४.४.१ दफा ४.१ बमोजिम पर्न आएका दरखास्त उपर जाँचबुझ गरी प्रतिवेदन पेश गर्न परिषद्ले एक जाँचबुझ समिति गठन गर्न सक्नेछ ।

४.४.२ जाँचबुझ समितिले दरखास्तवाला चिकित्सक योग्यता प्राप्त चिकित्सक हो होइन र निजको दरखास्त रीतपूर्वक छ छैन भन्ने कुराको समेत जाँचबुझ गरी पन्ध्र दिनभित्र परिषद्समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४.४.३ परिषद्ले उपदफा ४.४.२ बमोजिमको जाँचबुझ समितिको प्रतिवेदन उपर विचार गरी देहाय बमोजिम निर्णय गर्न सक्नेछः–

४.४.३.१ रीतपूर्वकको दरखास्त दिने योग्यता पुगेको चिकित्सकको नाम दर्ता किताबमा दर्ता गर्ने निर्णय गरी रजिष्ट्रारलाई दर्ता गर्न आदेश दिने,

४.४.३.२ रीत नपुगेको दरखास्त दिने व्यक्तिको नाम दर्ता नगर्ने गरी जुन कारणबाट नाम दर्ता नगरिएको हो सो कारण खुलाई दरखास्तवालालाई सूचना दिन रजिष्ट्रारलाई आदेश दिने ।

४.४.४ उपदफा ४.४.३.२ बमोजिम दर्ता किताबमा नाम दर्ता हुन नसकेको चिकित्सकले रीत पुर्‍याई फेरि अर्को दरखास्त दिएमा पहिले दर्ता हुन नसकेको कारणले मात्र निजको नाम दर्ता किताबमा दर्ता गर्न अस्वीकार गरिने छैन ।

४.५ दर्ताको प्रमाणपत्रः परिषद्ले उपदफा ४.४.३.१ बमोजिम कुनै दरखास्तवाला चिकित्सकको नाम दर्ता गर्ने निर्णय गरी रजिष्ट्रारलाई आदेश दिएमा रजिष्ट्रारले त्यस्तो चिकित्सकको नाम दर्ता किताबमा दर्ता गरी ⏭............ तोकिए बमोजिम दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

४.६ व्यवसाय छाडेमा वा ठेगाना बदलेमा सूचना गर्नु पर्नेः कुनै दर्तावाला चिकित्सकले आफ्नो व्यवसाय छाडेमा वा ठेगाना बदलेमा त्यस्तो चिकित्सकले व्यवसाय छाडेको वा ठेगाना बदलेको एक महिनाभित्र रजिष्ट्रारलाई तोकिए बमोजिम सूचना गर्नु पर्नेछ ।

४.७ नाम हटाउने र पुनः नाम दर्ता गर्ने व्यवस्थाः

४.७.१ देहायको कुनै अवस्थामा परिषद्ले कुनै दर्तावाला चिकित्सकको नाम दर्ता किताबबाट हटाउन आदेश दिन सक्नेछः–

४.७.१.१ नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको, वा

४.७.१.२ पेशा सम्बन्धी तोकिएको आचरण पालन नगरेको भनी परिषद्को दुई–तिहाई बहुमतले ठहराएको, वा

४.७.१.३ मगज बिग्रेको ।

४.७.२ उपदफा ४.७.१ बमोजिम दर्ता किताबबाट नाम हटाईएको चिकित्सकले मनासिब माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिएमा परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिब देखेमा रजिष्ट्रारलाई नाम दर्ता गर्ने आदेश दिन सक्नेछ ।

४.७.३ उपदफा ४.७.२ बमोजिम आदेश प्राप्त भएमा रजिष्ट्रारले तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो चिकित्सकको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।

४.८ प्रमाणपत्र रद्द गर्नेः धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुरा जानकारी हुन आई सो कुरा जाँचबुझ गर्दा साँचो ठहरिन आएमा परिषद्ले त्यस्तो व्यक्तिको दर्ताको प्रमाणपत्र खिची दर्ता रद्द गर्न सक्नेछ ।

## परिच्छेद –५

## आयुर्वेद चिकित्सा व्यवसाय

५.१ दर्ता नभएका चिकित्सकले व्यवसाय गर्न नपाउनेः

५.१.१ यो ऐन प्रारम्भ भएपछि दर्तावाला *चिकित्सकले बाहेक अरु कसैले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले आयुर्वेद चिकित्साको व्यवसाय गर्न पाउने छैन ।

📖५.१.१क. माथि ५.१.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्मा दर्ता गर्न न्यूनतम योग्यता नपुगेका तर आयुर्वेद विज्ञानमा आयुर्वेदशास्त्री वा वैद्यभूषण, आयुर्वेदमा प्रमाणपत्र वा सो सरह, सहायक आयुर्वेद कार्यकर्ता वा सो सरहको शैक्षिक योग्यता हासिल गरी स्वतन्त्र रुपमा चिकित्सा व्यवसाय गर्न चाहने वा नेपाल सरकारको सेवामा रहेको आयुर्वेद समूहका प्राविधिकहरुले परिषद्द्वारा गठित उपसमितिको रजिष्टरमा दर्ता गराई आयुर्वेद चिकित्सा व्यवसाय गर्न सक्नेछन् ।

📖५.१.१ख. आयुर्वेद चिकित्सामा तीन पुस्तादेखि संलग्न रही अनुभव प्राप्त गरेको भन्ने व्यहोराको सम्बन्धित जिल्ला कार्यालयको सिफारिस प्राप्त ५० वर्ष उमेर पुगेको व्यक्तिको हकमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा परिषद्ले तोके बमोजिम छुट्टै व्यवस्था अनुसार अनुमति लिई चिकित्सा व्यवसाय गर्न सक्ने छन् ।

*५.१.२ उपदफा ५.१.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको आयुर्वेदिक औषधि उत्पादन गर्ने वा बिक्री वितरण गर्ने व्यवसाय तोकिए बमोजिम हुनेछ ।

५.२ <u>प्रमाणपत्र र प्रेशक्रिप्सन दिने अधिकारः</u>

५.२.१ दर्तावाला चिकित्सकलाई देहायको कुरा प्रमाणित गर्ने र प्रमाणपत्र दिने अधिकार हुनेछः–

---

* पहिलो संशोधनद्वारा संशोधित ।

📖 पहिलो संशोधनद्वारा थप ।

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

५.२.१.१ जन्म र मृत्युको प्रमाणपत्रमा निस्सा लगाउने ।

५.२.१.२ आयुर्वेद चिकित्सा सम्बन्धी वा शारीरिक वा मानसिक योग्यता सम्बन्धी प्रमाणपत्रमा सहीछाप गर्ने वा प्रमाणपत्र दिने ।

*५.२.२ तोकिएको आयुर्वेदिक औषधिहरुको प्रेशक्रिप्सन दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ६

## आयुर्वेदिक औषधि उत्पादन र बिक्री–वितरण

६.१ आयुर्वेदिक औषधि उत्पादन गर्न स्वीकृति लिनु पर्नेः

६.१.१ नेपाल सरकारले परिषद्को परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका खास किसिमका आयुर्वेदिक औषधिहरु उत्पादन गर्न आयुर्वेद विभागको पूर्वस्वीकृति लिनु पर्नेछ ।

६.१.२ उपदफा ६.१.१ बमोजिम तोकिएका आयुर्वेदिक औषधिहरु उत्पादन गर्न चाहने व्यक्तिले स्वीकृतिको लागि तोकिए बमोजिम आयुर्वेद विभागमा निवेदन दिनु पर्नेछ ।

६.१.३ उपदफा ६.१.२ बमोजिम प्राप्त निवेदनमा आयुर्वेद विभागले आवश्यक जाँचबुझ गरी आवश्यक देखेमा परिषद्को परामर्श लिई निवेदन दिने व्यक्ति दर्तावाला चिकित्सक नभएमा निजले दर्तावाला चिकित्सकको रेखदेख र नियन्त्रणमा रही आयुर्वेदिक औषधि उत्पादन गर्नु पर्ने गरी तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।

६.१.४ आयुर्वेदिक औषधि उत्पादन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६.२ प्रेशक्रिप्सन बिना आयुर्वेदिक औषधि बिक्री गर्न नपाउनेः नेपाल सरकारले परिषद्को परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका खास किसिमका आयुर्वेदिक औषधिहरु दर्तावाला चिकित्सकको प्रेशक्रिप्सन बिना बिक्री वितरण गर्न पाइने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

परिच्छेद –७

## <u>कोष र लेखापरीक्षण</u>

७.१ <u>परिषद्को कोषः</u>

७.१.१ परिषद्को कोषमा देहायका रकमहरु रहनेछन्ः–

७.१.१.१ नेपाल सरकारबाट प्राप्त रकम,

७.१.१.२ चिकित्सकहरुको नाम दर्ता दस्तुर बापत प्राप्त रकम, र

७.१.१.३ अन्य स्रोतबाट प्राप्त रकम ।

७.१.२ परिषद्को कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

७.२ <u>लेखा र लेखापरीक्षणः</u>

७.२.१ कोषको आय–व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

७.२.२ कोषको लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

७.२.३ नेपाल सरकारले चाहेमा कोषको हिसाब किताब सम्बन्धी कागजात जुनसुकै बखत जाँच्न वा जचाउन सक्नेछ ।

परिच्छेद –८

## <u>शैक्षिक योग्यताको मान्यता</u>

८.१ *<u>परिषद्ले मान्यता दिनेः</u>

*८.१.१ परिषद्ले आयुर्वेद व्यवसाय सम्बन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुलाई परिषद्मा नाम दर्ता गर्ने प्रयोजनको लागि तोकिए बमोजिम मान्यता प्रदान गर्नेछ ।

*८.१.२ उपदफा ८.१.१ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिहरु नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

* पहिलो संशोधनद्वारा संशोधित ।

🕮८.१क. <u>विवरण माग गर्न सक्नेः</u> दफा ८.१ को उपदफा ८.१.१ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरु प्रदान गर्ने शिक्षण संस्थाले त्यस्तो प्रमाणपत्र वा अन्य उपाधिहरुको निमित्त निर्धारित गरेको पाठ्यक्रम तथा भर्नाको लागि निर्धारित गरेको शर्तहरुको मूल्याङ्कनको लागि परिषद्ले समय समयमा त्यस्तो संस्थासँग विवरण माग गर्न सक्नेछ र सो विवरण उपलब्ध गराउनु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

🕮८.१ख. <u>परीक्षाको निरीक्षणः</u> दफा ८.१ को उपदफा ८.१.१ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुको लागि सम्बन्धित शिक्षण संस्थाबाट लिइने परीक्षाहरु निरीक्षण गर्नको लागि परिषद्ले निरीक्षक नियुक्त गरी पठाउन सक्नेछ । यसरी नियुक्त गरिएका निरीक्षकले आफूले निरीक्षण गरेका परीक्षाको सम्बन्धमा परिषद्ले तोकेको विवरण खुलाई परिषद् समक्ष प्रतिवेदन पेश गर्नेछ ।

तर निरीक्षकले त्यस्तो परीक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन ।

🕮८.१ग. <u>मान्यता हटाउनेः</u>

८.१ग.१ दफा ८.१क. बमोजिम प्राप्त विवरण र दफा ८.१ख. बमोजिम पेश गरिएको प्रतिवेदन उपर विचार गर्दा दफा ८.१ को उपदफा ८.१.१ बमोजिम मान्यता प्रदान गरिएको कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिहरुको निमित्त सम्बन्धित शिक्षण संस्थाले निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्तहरु तथा परीक्षा सञ्चालन विधि उपयुक्त एवं पर्याप्त छैन भन्ने लागेमा सो सम्बन्धमा परिषद्ले आफ्नो प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ ।

---

🕮 पहिलो संशोधनद्वारा थप ।

🕮 पहिलो संशोधनद्वारा थप ।

८.१ग.२ उपदफा ८.१ग.१ बमोजिम परिषद्को प्रतिवेदन प्राप्त भएपछि नेपाल सरकारले आवश्यक देखेमा सम्बन्धित शिक्षण संस्थासँग स्पष्टीकरण माग गर्न सक्नेछ र स्पष्टीकरण प्राप्त भएमा सो उपर विचार गरी अरु कुनै जाँचबुझ गर्नु पर्ने भए आवश्यक जाँचबुझ गरी सो समेतको आधारमा नेपाल सरकारले त्यस्तो शिक्षण संस्थाबाट कुनै खास मिति पछि प्रदान गरिएको आयुर्वेद सम्बन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिको मान्यतालाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हटाउन सक्नेछ ।

## परिच्छेद – ९

## विविध

९.१ असल नियतले गरेको काममा बचाउः यो ऐन वा नियमको अधीनमा रही असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा परिषद् वा रजिष्ट्रार जवाफदेही हुने छैन ।

९.२ परिषद्को विघटनः

९.२.१ परिषद्ले यो ऐन र नियम बमोजिम आफूलाई प्राप्त अधिकार प्रयोग गर्न नसकेको वा अधिकारको दुरुपयोग गरेको वा प्राप्त अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको वा यो ऐन र नियम बमोजिम परिषद्ले पालन गर्नु पर्ने कर्तव्य पालन गर्न नसकेको भन्ने नेपाल सरकारलाई लागेमा नेपाल सरकारले परिषद्लाई विघटन गर्न सक्नेछ ।

९.२.२ उपदफा ९.२.१ बमोजिम परिषद् विघटन भएपछि नेपाल सरकारले अर्को परिषद् गठन नभएसम्म यो ऐन र नियम बमोजिम परिषद्ले गर्नु पर्ने सबै काम कारबाही आफैले गर्न वा कुनै समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

९.२.३ उपदफा ९.२.१ बमोजिम परिषद् विघटन भएपछि सो परिषद्को कोष र अरु सम्पत्ति नेपाल सरकारले आफ्नै जिम्मा राखी अर्को

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

परिषद् गठन भएपछि सो कोष र सम्पत्ति उक्त परिषद्लाई बुझाउनेछ ।

९.२.४ उपदफा ९.२.१ बमोजिम परिषद् विघटन भएको साधारणतया तीन महिनाभित्र नेपाल सरकारले दफा २.३ बमोजिम अर्को परिषद्को गठन गर्नेछ ।

९.३ <u>सजायः</u>

९.३.१ दफा ५.१ को बर्खिलाप आयुर्वेद चिकित्सा व्यवसाय गर्ने व्यक्तिलाई ◈<u>तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना</u> हुनेछ ।

९.३.२ दफा ५.२ बमोजिमको अधिकार दुरुपयोग गर्ने दर्तावाला चिकित्सकलाई दुई हजार रुपैयाँसम्म जरिबाना वा दुई महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

९.३.३ दफा ६.१ बमोजिम आयुर्वेद विभागको स्वीकृति नलिई आयुर्वेदिक औषधि उत्पादन गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

९.३.४ दफा ६.२ को बर्खिलाप हुने गरी आयुर्वेदिक औषधि बिक्री–वितरण गर्ने व्यक्तिलाई ◈<u>एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना</u> हुनेछ ।

९.३.५ यस दफामा लेखिएदेखि बाहेक यो ऐन वा नियमको बर्खिलाप हुने कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

📖९.३क. <u>अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारीः</u> दफा ५.१ र ५.२ बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

📖 पहिलो संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

*९.४ यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्तो नियमहरु नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

९.५ <u>विनियम बनाउने अधिकारः</u> परिषद्ले आफ्नो दैनिक कार्य सञ्चालनको लागि यो ऐन र नियमको अधीनमा रही नेपाल सरकारको स्वीकृति लिई विनियमहरु बनाउन सक्नेछ ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

* पहिलो संशोधनद्वारा संशोधित ।

<u>द्रष्टव्यः</u> केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।